# नेपाल सरकार
## श्रम तथा यातायात व्यवस्था मन्त्रालय
# श्रम विभागको
# अत्यन्त जरुरी सूचना

श्रम ऐन, २०४८ को दफा (२) को खण्ड (ख) मा परिभाषा भए बमोजिम कुनै उद्योग व्यवसाय वा सेवा संचालन गर्ने उद्देश्यले प्रचलित कानून वमोजिम स्थापित दशजना वा सोभन्दा बढी कामदार वा कर्मचारी कार्यरत रहेको कुनै कारखाना, कम्पनी, संगठन, सस्था, फर्म वा तिनको समूह, व्यापारिक उद्देश्यले कानूनबमोजिम स्थापित भएको चिया वगान र नेपाल सरकारद्धारा स्थापित औद्योगिक क्षेत्रभित्रको दश जनाभन्दा कम कामदार वा कर्मचारीलाई काममा लगाइएको प्रतिष्ठानले सोही ऐनको दफा ४ (क) (३) वमोजिम गैर नेपाली नागरिकलाई काममा लगाउनु पर्दा यस विभागबाट श्रम स्वीकृति लिएर मात्र काममा लगाउन पर्ने व्यवस्था छ। यदि कसैले श्रम स्वीकृति नलिई गैर नेपाली नागरिकलाई काममा लगाइएको भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक प्रक्रिया पुऱ्याई श्रम स्वीकृति लिनुहुन  सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

यस सम्वन्धमा अनुगमन गर्न नेपाल सरकार श्रम तथा यातायात व्यवस्था मन्त्रालयबाट **गैर नेपाली कामदार अनुगमन केन्द्रीय समिति** गठन भई समितिले आफ्नो कार्य प्रारम्भ गरिसकेको छ। उक्त अनुगमन समिति, श्रम विभाग वा श्रम कार्यालयबाट अनुगमनको सिलसिलामा कुनै प्रतिष्ठानले गैर नेपाली नागरिकलाई श्रम स्विकृति विना काममा लगाएको पाइएमा प्रचलित कानून अनुसार कारवाही हुने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सबैलाई जानकारी गराईन्छ ।